# आमाछोदिङमो गाउँपालिका अध्यक्ष श्री बुचुङ तामाङले अठारौं गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम

आमाछोदिङमो गाउँपालिका

गोल्जुङवेसी, रसुवा

७ असार २०८२

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङवेसी रसुवा
बागमती प्रदेश, नेपाल

**गाउँपालिका उपाध्यक्ष ज्यू,**

**गाँउसभाका सदस्य ज्यूहरू,**

**कर्मचारी साथीहरू तथा आमन्त्रित महानुभावहरू**

सर्वप्रथम यस आमाछोदिङमो गाँउपालिकाको गाउँसभाको **अठारौं** अधिवेशनको समारोहमा उपस्थित हुनु भएका सम्पूर्ण सभाका सदस्यज्यूहरू एवम् उपस्थित कर्मचारी साथीहरू एवं सञ्चारकर्मी मित्रहरूलाई गाँउपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गरिरहँदा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लागि आफ्नो प्राणको आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम सम्मानित गाउँसभा मार्फत आमाछोदिङमो गाउँपालिकावासीहरु माझ प्रस्तुत गर्न गई रहँदा **"कृषि, पर्यटन, उर्जा र पूर्वाधार समृद्ध आमाछोदिङमो निर्माणको मूल आधार"** भन्ने मूल नारालाई केन्द्रमा राखि **सेवा मार्फत सुशासन - सुशासन मार्फत विकास र समृद्धि** हासिल गर्न **"स्थानीय स्रोत, स्थानीय सोच - योजना हाम्रो, विकास सबैको"** भन्ने भावना जगाउन यो नीति तथा कार्यक्रमले मार्गनिर्देश गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

**सभाका सदस्य ज्यूहरू,**

गत आर्थिक वर्षमा गाउँसभाले स्वीकृत गरी लागू गरेको नीति तथा कार्यक्रमको कार्यान्वयन मार्फत प्राप्त उपलब्धि समेतलाई मध्य नजर राख्दै आगामी आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८२, चालू योजना, दिगो विकास लक्ष्य, गाँउपालिका भित्र रहेका विभिन्न विषयगत समिति, राजश्व परामर्श समिति, वडा कार्यसमिति, कार्यपालिका सदस्य तथा गाँउसभा सदस्य ज्यूहरूको सुझाव, स्थानीय स्तरमा क्रियाशिल विभिन्न राजनीतिक दल, संघ/संस्था, कर्मचारी तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा आमाछोदिङमो गाँउपालिकाका आमाबुबा दाजुभाई दिदीबहिनीहरुबाट प्राप्त रचनात्मक सुझाव, माग तथा आवश्यकतालाई विशेष रूपमा ध्यान दिएको छु ।

**१. आर्थिक विकाससँग सम्बन्धित नीतिहरू**

**क. कृषि तथा पशुपालन क्षेत्रसँग सम्बन्धित**

- यस आर्थिक वर्ष देखि **स्वस्थ्य माटो, स्वस्थ्य बाली** का लागि प्राङ्गारिक कृषि कार्यक्रममा जोड दिइनेछ ।

आमाछोदिङमो गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
गोल्जुङबेंसी, रसुवा
बागमती प्रदेश, नेपाल

सुकुम तामाङ
गा.पा अध्यक्ष

- स्थानीय प्रजातीका तरकारीबालीहरु अन्तर्गत **स्थानीय साग, जङ्गली च्याउ, सिस्नो, कुरिलो, धँनिया** लगायतका तरकारी बालीहरूको खेती गरी बजारीकरण गर्ने कृषकहरूलाई प्रोत्साहन तथा अनुदानको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जडीबुटीहरूको खेती गर्ने कृषकहरूलाई प्रोत्साहन तथा अनुदान उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- रैथाने बालीहरू **कालो मुसुरोको दाल, रातो चामल, सिमी, खैरो र कालो भटमास, बन्दा तथा आलुको** उत्पादनमा वृद्धि, भण्डारण र बजारिकरणको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।
- कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण गरी आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गरी युवाहरूलाई कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषकहरूको सीप, क्षमता र दक्षता वृद्धि गर्न तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सबै वडाहरूलाई **कम्तीमा एक कृषि पकेट क्षेत्रको रूपमा विकास** गर्दै लगिनेछ ।
- **चरण क्षेत्रमा पाइने विषालु घाँसहरूलाई नियन्त्रण गर्ने कार्यक्रम** सञ्चालन गरिनेछ ।
- **अध्यक्षसँग कृषि कार्यक्रम** अन्तर्गत कृषकहरूको लागि विऊ विजन तथा कृषि औजार वितरण गर्दा ७५% अनुदानका आधारमा वितरण गर्ने गरी अनुदानका कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- **चरणको लागि खर्क सुधार, वासको गोठ सुधार** कार्यक्रम सञ्चालन गरी उत्पादकत्व वृद्धि गरिनेछ
- परम्परागत तरिकाले व्यावसायिक भेडा बाखा तथा चौंरी पालन गर्ने गोठालाहरूको लागि प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- उत्पादन भएका कृषि उपजलाई लामो समयसम्म टिकाइ राख्न शीत भण्डार निर्माणका लागि सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- माटोमा उर्वरा शक्ति कायम राख्नको लागि रासायनिक मल तथा विषादीको प्रयोगलाई निरुत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- सहकारी मार्फत लगानी, उत्पादन वृद्धि र बजारीकरणमा सहयोग गर्न लागत साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- आमाछोदिङमो गाउँपालिका गत्लाङमा बन्दागोभी तथा आलुको लागि स्टोरको निर्माण गरिनेछ ।

**ख. श्रम तथा रोजगार**

- वैदेशिक रोजगारजीबाट फर्केका नागरिकहरूसँग भएको सीपलाई उच्चतम उपयोग गर्दै गाँउमै रोजगारि सृजना गर्ने खालका कार्यक्रमहरू ल्याइनेछ ।
- स्वरोजगार सृजना गरि बेरोजगार युवालाई रोजगारी दिने संघ, संस्था, फर्म वा व्यक्तिलाई गाँउपालिका स्तरीय सम्मान कार्यक्रमको आयोजना गरिनेछ ।

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङबेंसी रसुवा बागमती प्रदेश नेपाल

पुसुङ तामाङ
गा.पा अध्यक्ष

**ग. उद्योग वाणिज्य तथा आय आर्जन र रोजगारी**

- स्थानीय स्तरमा पाइने कच्चा पदार्थबाट सामग्री उत्पादन गरी **मेड इन आमाछोदिङमोको** अभियान सञ्चालन गरिनेछ ।
- नवप्रवर्तन र स्टार्टअपहरूलाई प्रोत्साहित गर्न कर छुट दिने नीति अवलम्बन गरिनेछ ।
- साझा सुविधा केन्द्रमा स्थानीय उत्पादनहरूको सङ्कलन गरी बजारीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- आयआर्जन र रोजगारी वृद्धिका लागि लागत साझेदारीमा हुने गरी मागमा आधारित सीप मूलक तालिम, उत्पादन प्रवर्धन, क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ. पर्यटन विकास**

- तामाङ सम्पदा मार्गको व्यापक प्रचार प्रसार गरि आन्तरिक तथा बाह्य पर्यटनको वृद्धि गरि नागरिकहरुको आयआर्जनमा वृद्धि गर्नका लागि स्थानीय हस्तकला, खाना र परम्परागत कला प्रदर्शनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- नयाँ पर्यटकीय पद मार्गहरूको निर्माण तथा प्रचार प्रसार गरिनेछ ।
- साङ्जेन भ्याली सम्म पुग्न छिमेकी देशको बाटो प्रयोग गर्नुपर्ने बाध्यता हटाउनको लागि सङ्घीय सरकारसँग आवश्यक समन्वय गरी पदमार्ग निर्माणको लागि पहल गरिनेछ ।
- गाइड, ट्रेकिङ लिडर, होटल व्यवस्थापन आदि क्षेत्रमा लाग्न युवाहरूलाई प्रोत्साहित गरिनेछ र सो सम्बन्धी सिप विकास तालिमहरू सञ्चालनको लागि आवश्यक समन्वय गरिनेछ ।
- गाँउपालिका भित्र रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय स्थलहरूको अभिलेखीकरण, प्रचार प्रसार एवं संरक्षण तथा सम्वर्धनमा जोड दिइनेछ ।
- गाउँपालिकाको आर्कषक पर्यटकीय गन्तव्य Black Village को संरक्षणमा जोड दिइनेछ ।
- होमस्टे व्यवसायलाई गाँउपालिकाको प्रमुख व्यवसायको रूपमा महत्व दिइनेछ ।
- आय आर्जनमा सुधारका निम्ति **सामुदायिक गृह आवास** (Community Home Stay) सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।
- आमाछोदिङमो गाउँपालिकामा पर्यटन प्रवर्धनको लागि एग्रो टुरिजम प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

**२. सामाजिक विकाससँग सम्बन्धित नीतिहरू**

**क. शिक्षा युवा तथा खेलकुद**

- यस आर्थिक वर्ष देखि सामुदायिक माध्यामिक विद्यालयमा **सीप विकास शिक्षा** कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्मार्ट शिक्षण प्रविधिलाई प्रयोग गर्न विद्यालयहरूलाई प्रेरित गरिनेछ त्यसको लागि आवश्यक उपकरण तथा तालिमको प्रबन्ध मिलाइनेछ ।
- मातृभाषामा शिक्षा पाउने बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि स्थानीय पाठ्यक्रम अन्तरगत स्थानीय पाठ्यपुस्तकमा **तामाङ भाषाको सम्भोटा लिपीको** अध्यापन कार्यलाई निरन्तरता दिइनेछ ।

- आधारभूत तहमा शिक्षक नियुक्त गर्दा तामाङ भाषा जान्ने शिक्षकलाई विशेष ग्राहयता दिने नीति अवलम्बन गरिनेछ ।
- **तामाङ भाषा प्रशिक्षणका कार्यक्रमहरू** सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- न्यून सिकाई उपलब्धि भएका विषयहरूमा अतिरिक्त कक्षा सञ्चालनको लागि विद्यालयहरूलाई अनुदान रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा हुने शिक्षक अभावलाई व्यवस्थापन गर्न स्वयम् सेवक शिक्षकको व्यवस्था गर्न उत्प्रेरित गरिनेछ ।
- विद्यालयहरूमा जुनियर रेडक्रस सर्कल र स्काउट ट्रुपहरू, बालक्लव स्थापना गरी शैक्षिक वातावरणलाई थप सुदृढ बनाइनेछ ।
- भविष्यमा हुन सक्ने विपदको पूर्वतयारी गरी शैक्षिक क्षति हुन नदिने प्रबन्ध मिलाइनेछ ।
- विद्यालयहरूमा अध्ययन गर्ने गरिब, जेहनदार विद्यार्थीको लागि आवासीय तथा गैर आवासिय छात्रवृत्तिको कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरूलाई व्यवस्थित तथा प्रभावकारी ढङ्गले सञ्चालन गरी आयआर्जनमा जोड दिने नीति अवलम्बन गरिनेछ ।
- विद्यालयमा खेलकुद कार्यक्रम विस्तार गर्न खेलकुद प्रशिक्षकहरूको प्रबन्ध मिलाइनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम जस्ता खेलकुद कार्यक्रम सञ्चालन गरी विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको खेल प्रतिस्पर्धा क्षमता अभिवृद्धि गरिनेछ ।
- सामुदायीक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको SEE नतिजामा ४ जिपिए ल्याउने लाई २ लाख ५१ हजार, ३.५ देखि ३.९९ जिपिए ल्याउनेलाई १ लाख १ हजार र ३ देखि ३.४९ जिपिए ल्याउने विद्यार्थीलाई २५ हजारका दरले प्रोत्साहन स्वरुप उचित पूरस्कारको व्यवस्था गरिनेछ ।

**ख. स्वास्थ्य**

- आधा/ एक घण्टा भित्र सबै वडाका केन्द्रहरूमा एम्बुलेन्स पुग्ने गरी एम्बुलेन्स सेवालाई चुस्त दुरुस्त बनाइनेछ ।
- मुटु, मृगौला, क्यान्सर लगायतका जटिल रोग लागेका र दम, रक्तचाप, मधुमेह लागेका दीर्घ रोगीहरूको लागि आर्थिक सहायता तथा औषधी सुविधा उपलब्ध गराइनेछ ।
- स्वास्थ्य चौकीबाट निःशुल्क रूपमा पाइने औषधिको संख्या र प्रकारलाई निरन्तरता दिदै वितरण प्रणालीलाई सुदृढ र प्रभावकारी बनाइनेछ ।
- **उपाध्यक्षसँग सुत्केरी महिला कार्यक्रम** अन्तर्गत स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरूलाई **न्यानो झोलुङ्गो (छाङबु) उपहार दिने** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य क्षेत्रका जनशक्ति र महिला स्वास्थ्य स्वयम् सेविकाहरूको क्षमता विकासका गरी स्वास्थ्य सेवा प्रदान गर्ने नीति लिइनेछ ।
- खोपकेन्द्र र गाँउघर क्लिनिकमा दिइने सेवालाई आवश्यकता अनुसार विकास र विस्तार गर्दै लगिनेछ ।
- गाउँपालिकामा चालू आर्थिक वर्षदेखि सुरुवात भएको विशेषज्ञ सेवा सहितको चिकित्सा सेवालाई थप सुदृढीकरण गरिनेछ ।
- एक विद्यालय एक नर्स कार्यक्रमको विस्तारका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेशी रसुवा
बागमती प्रदेश, नेपाल

सुकुङ तामाङ
गा.पा अध्यक्ष

- गर्भवती महिलाहरूको स्वास्थ्य परीक्षणको लागि अल्ट्रा साउण्ड सुविधा सहितको गर्भवती स्वास्थ्य परीक्षण घुम्ती शिविरको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विशेषज्ञ सहितको दन्त सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र स्थायी बसोबास गर्ने स्थानीय तथा कर्मचारीहरूको लागि स्वास्थ्य उपचारको क्रममा अत्यावश्यक पर्ने रगत गाउँपालिकाबाट रेडक्रससँगको सहकार्यमा निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- आङ खस्ने समस्या (Uterus Prolaps) भएका महिलाहरूको उपचारको लागि निःशुल्क एम्बुलेन्स सेवा तथा शल्यक्रियाको लागि आर्थिक सहायता उपलब्ध गराइनेछ ।
- आयुर्वेद सेवाको लागि घुम्ती शिविर तथा विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।
- आत्महत्या न्यूनिकरणका लागि मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

**ग. सामाजिक सुरक्षा तथा लैङ्गिक समावेशीकरण**

- **अध्यक्षसँग विपन्न नागरिक कार्यक्रम** अन्तरगत आर्थिक अभावका कारण उपचार गर्न नसक्ने गरिब तथा विपन्न नागरिकलाई गाउँपालिकाबाट आर्थिक सहयोग प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभ ग्राहीहरूको बायोमेट्रिक भेरिफिकेसनको लागि आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति, बाबु आमा नभएका बालबालिका, एकल महिला, अति विपन्न परिवारका महिलाहरूको आर्थिक विकासको लागि आय आर्जनमा सघाउ पुऱ्याउन सीप मूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- जातीय भेदभाव छुवाछुत प्रथा तथा अन्य सामाजिक कुरीतिहरू हटाउन सामाजिक व्यवहार सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित, जनजाति र महिलाहरूको जीवनस्तर सुधारका लागि लक्षित वर्ग आयआर्जन तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- बालविवाह र लैङ्गिक हिंसा अन्त्य गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । सामाजिक विकासमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति अवलम्बन गरिनेछ ।
- बेरोजगारहरूको तथ्याङ्क सङ्कलन गरी रोजगारीको वातावरण सृजना गर्न प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक समन्वयमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- बेसाहारा बालबालिका, जेष्ठ नागरिक आश्रय केन्द्र, जेष्ठ नागरिक स्याहार केन्द्रहरूलाई आवश्यक सहायता उपलब्ध गराइनेछ ।
- टोल टोलमा घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सञ्चालन गरिनेछ ।
- बालश्रम, बालविवाह, बहुविवाह, दाइजो, बोक्सी जस्ता कु-प्रथा रोकथामका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने आवश्यक प्रबन्ध गरिनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय गोल्फुजदेवी ... बागमती प्रदेश, नेपाल

- सूचना तथा परामर्श, न्यायमा पहुँच, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीपमूलक तालिममार्फत वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) को कार्यान्वयनका लागि आवश्यक सहजीकरण गरिनेछ ।

**घ. खानेपानी तथा सरसफाइ**

- एक घर एक धारा मार्फत शुद्ध खानेपानीको उपभोग गर्ने प्रबन्ध मिलाइनेछ ।
- वस्तिहरूमा निर्माण भइ सकेका नाली तथा ढलको आवश्यक मर्मत सम्भार गर्नुका साथै ढल निकासको उचित व्यवस्थापन गरिनेछ ।
- सरसफाइलाई निरन्तर अभियानका रूपमा लैजान **जनताका लागि जनप्रतिनिधि, सेवा दिनका लागि कर्मचारी कार्यक्रम** अन्तर्गत गाउँपालिका भित्रका सबै जनप्रतिनिधि, कर्मचारी र शिक्षकले महिनामा एक पटक आफू बसोबास गर्ने क्षेत्रमा सरसफाइ गर्नु पर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ ।
- एक वस्ति एक फोहोर डिस्पोजल सेन्टर निर्माण गर्न आवश्यक समन्वय गरिनेछ । प्रत्येक वडाको सबै भन्दा सफा वस्ति बनाउन पहल गर्ने आमा समूहहरूलाई पुरस्कृत गरिनेछ ।
- खानेपानीको शुद्धता परीक्षणका लागि आवश्यक कार्यहरू गरिनेछ ।

**सभाका सदस्य ज्यूहरू,**

अब म पूर्वाधार विकाससँग सम्बन्धित नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

**३. पूर्वाधार विकाससँग सम्बन्धित नीतिहरू**

- नविनतम् इन्जिनियरिङ सामग्रीको व्यवस्था गरी गुणस्तरिय पूर्वाधार निर्माणको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिका स्तरीय गौरवका योजनाहरू छनौट गरी बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- **सबै वडा केन्द्रहरूमा बाह्रै महिना सडक सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।**
- गाउँपालिका भित्र राष्ट्रिय गौरवका ठूला आयोजना र परियोजनाहरू सञ्चालन गर्न प्रदेश सरकार र सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- जलविद्युत आयोजनाहरूले प्रभावित क्षेत्रमा गर्नु पर्ने सामाजिक उत्तरदायित्वको कार्यहरूलाई व्यवस्थित गरिनेछ ।
- गाँउपालिका भित्रका मुख्य बजार क्षेत्रको सडक ढलान गर्ने कार्य निरन्तरता दिइनेछ ।
- ट्र्याक खुलेका कृषि सडकको स्तरोन्नती गरी कृषकहरूले गरेका कृषि उत्पादनलाई बजार सम्म पुर्याउन सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैकल्पिक उर्जाको विकास तथा प्रयोग गर्ने नीति लिइनेछ ।

आमाछोदिङमो गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
गोल्जुङबेंसी रसुवा
बागमती प्रदेश, नेपाल

टुमुक तामाङ
गा.पा अध्यक्ष

- पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहित गर्दै लागत सहभागितामा उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- साना सिंचाई तथा नाली निर्माणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन**

- वातावरण संरक्षणका निम्ति प्लाष्टिक झोलाको प्रयोग निरुत्साहसित गरिनेछ ।
- विपद् व्यवस्थापनको पूर्व तयारीका लागि आवश्यक संरचना, सामग्री, जनशक्ति र आर्थिक कोषहरूको अवस्थालाई चुस्त दुरुस्त राख्ने व्यवस्था मिलाइनेछ ।
- **पहिरो नियन्त्रणका लागि वृक्षारोपण तथा बायो इन्जिनियरिङ कार्यक्रम** सञ्चालन गरिने छ ।
- वन जङ्गलमा आगलागी हुन नदीन सचेतनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलवायु अनुकूलनको लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय गरि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- गाउँपालिकाको सूचना तथा निर्णयहरूलाई समयमै सरोकारवालाहरू समक्ष पुर्‍याउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।
- यस आर्थिक वर्ष देखि गाउँपालिकाभित्र कार्यरत कर्मचारीहरूलाई नेपाल सरकारले सञ्चालनमा ल्याएको सामाजिक सुरक्षाकोषमा आवद्ध गराइनेछ ।
- सबै जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीहरूलाई गाउँपालिका भित्र हुने बैठक सभा सम्मेलन तथा कार्यक्रमहरूको सूचना सम्प्रेषणको लागि Bulk SMS मार्फत सूचना प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका सबै सरकारी कार्यालयहरूमा उच्च गतिको इन्टरनेट सेवाको सुनिश्चितता गरिनेछ ।
- सबै कार्यालय संघ संस्था तथा विद्यालयहरूले गरेका कामहरूको सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणका कार्यक्रमहरू अनिवार्य गर्नुपर्ने नीति लिइनेछ ।
- गाँउपालिकाले पारित गरेका ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिकाहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।
- **खुशी कर्मचारी छिटो सेवाका** लागि कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।
- कार्यालयहरूबाट प्रदान गरिने सेवालाई छिटो र प्रभावकारी बनाउन **फेसलेस** सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

**आन्तरिक आय र राजस्व सम्बन्धी नीतिहरू**

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङबेशी रसुवा बागमती प्रदेश, नेपाल

बुधुक तामाङ गा.पा. अध्यक्ष

- राजस्व सम्बन्धी अध्ययन तथा अवलोकन गरी राजस्व वृद्धि र व्यवस्थापनमा जोड दिइनेछ ।
- व्यवसाय दर्ताको लागि वस्ति तथा बजार क्षेत्रमा व्यवसाय दर्ता शिविर सञ्चालन गरिनेछ ।
- राजस्वको दायरा बढाउने र दर घटाउने नीति अवलम्बन गरिनेछ ।
- बजार अनुगमन कार्यलाई नियमित गरी थप प्रभावकारी बनाइनेछ ।
- पूर्वाधार निर्माणका लागि विभिन्न आयोजना, समिति र व्यक्तिहरूले प्रयोग गर्ने प्राकृतिक स्रोत र नदी जन्य पदार्थको नियमानुसार कर उठाइनेछ ।
- साविक हाकु गाविसमा रहेको गुठी जग्गाको कारण भूमिहीन हुन पुगेका किसानहरूको लगत सङ्कलन, जग्गा नापँजाँच लगायतको कार्य गरी भूमि अधिकारको सुनिश्चितताका लागि प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

**अन्त्यमा,**

माथि प्रस्तावित नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनका लागि आवश्यक योजना, कार्यक्रम र बजेट तर्जुमा गरी यसै सभामा पेश गरिनेछ । नीति तथा कार्यक्रमको लक्ष्य अनुसार प्रभावकारी कार्यान्वयन गर्न गराउन सम्बन्धित सबैको पूर्ण साथ र सहयोग हुनेछ भन्ने अपेक्षा राख्दै गाँउपालिकाको समग्र आर्थिक-सामाजिक, साँस्कृतिक विकासमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नुहुने जनप्रतिनिधि ज्यूहरू, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी तथा सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

आमाछोदिङ्मो गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
गोल्जुङवेशी रसुवा
बागमती प्रदेश, नेपाल

बुचुङ तामाङ
गा.पा अध्यक्ष